धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily    राष्ट्रिय दैनिक



ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि



वर्ष २३, अङ्क ७७ ◆ २०८३ असोज १७ शनिबार ◆ Saturday, October 3, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-


## संघीय संसद् कमजोर भएको छैनः सभामुख अर्याल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । सभामुख डोलप्रसाद अर्यालले सङ्घीय संसद् कुनै पनि हालतमा कमजोर नभएको स्पष्ट पार्नुभएको छ । सिंहदरबारमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले सङ्घीय संसद् सशक्त र प्रभावकारी ढङ्गले सञ्चालन भएको बताउनुभयो ।

सभामुख अर्यालले सङ्घीय संसद्मा सदस्यहरूले उठाउनु भएका विषयमा आफूले टिप्पणी गर्न अलि सान्दर्भिक नहुने पनि स्पष्ट पार्नुभयो । "सङ्घीय संसद्मा सदस्यहरूले उठाउनुभएको विषयलाई मैले टिप्पणी गर्न सान्दर्भिक नहोला", उहाँले भन्नुभयो, "तर संसद् कमजोर भएको महसुस मैले गरेको छैन ।" सभामुख अर्यालले संसद्को आफ्नो मर्यादा र गर्नुपर्ने काम आफ्नो कार्यशैलीअनुसार नै सञ्चालन हुने बताउनुभयो ।

"तीन करोड नेपालीका लागि काम गर्ने भनेर आएका तपाईंहामी निरन्तर खटिरहेका छौँ", उहाँले भन्नुभयो ।

सभामुख अर्यालले व्यवस्थापिकाका सांसद, नागरिक, पत्रकारलगायतले कार्यपालिकालाई झकझक्याउने जिम्मेवारी रहेको बताउनुभयो । उहाँले आगामी संसद्को अधिवेशन राष्ट्रियसभा र प्रतिनिधि सभा नयाँ भवनबाट सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो ।

"राष्ट्रियसभा होस् या प्रतिनिधि सभा नयाँ भवनबाट सञ्चालन हुन्छ भन्नेमा म विश्वस्त छु", उहाँले भन्नुभयो ।

## फुर्केखोलाको वैकल्पिक सडक पाँच घण्टा बन्द

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका-२ स्थित फुर्केखोलाको पुल बगाएपछि सञ्चालनमा ल्याइएको वैकल्पिक सडक आज शनिबार पाँच घण्टा बन्द हुने भएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार परेवाटार-पिपलटार-आदमटार-बेलिनटार-मास्टार सडकखण्डमा मर्मतसम्भार गर्नुपर्ने भएकाले आज बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म सबै प्रकारका सवारीसाधनको आवागमन बन्द गरिने भएको हो ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेयले वैकल्पिक सडकका विभिन्न स्थानमा मर्मतसम्भार गर्नुपर्ने भएकाले उक्त अवधिमा सवारीसाधन सञ्चालनमा रोक लगाइएको जानकारी दिनुभयो । गत भदौ १० गते भोटेकोशीमा आएको बाढीका कारण पृथ्वी राजमार्गअन्तर्गत फुर्केखोलाको पक्की पुल बगाएको थियो । पुल बगेपछि परेवाटार-पिपलटार-आदमटार-बेलिनटार-मास्टार सडकखण्डलाई वैकल्पिक मार्गका रूपमा प्रयोग गरिँदै आएको छ ।

जिल्ला प्रशासन कार्यालयले सडक बन्द रहने अवधिमा यात्रु तथा सवारीसाधनलाई धादिङबेँसी-सुनौलाबजार-भोर्ले-कोसीखोला-फोस्रेटार-कल्लेरिटार सडकखण्ड वा अन्य वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरेको छ ।

सदरमुकाम धादिङबेशी जाने सडक सहज नहुँदा धादिङका ८ पालिकाका स्थानिय मर्कामा परेका छन् ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

फोनः ०१०-५२०१३३, ०१०-५२०१२१
ईमेलः daodhading@moha.gov.np

प.सं. : प्रशासन २०८३/८४

**सवारी आवागमनमा पूर्ण रूपमा बन्द रहने सम्बन्धी सूचना ।**

भाद्र १० गते भोटेकोशिमा आएको बाढीका कारण पृथ्वी राजमार्ग अन्तर्गत गजुरी गाउँपालिका– २ फुर्केखोलामा रहेको जिल्ला सदरमुकाम लगायत उत्तरी क्षेत्र जोड्ने मुख्य पक्की पुल बग्न गई वैकल्पिक बाटो/मार्गको रुपमा **परेवाटार - पिपलटार- आदमटार - बेलिनटार - मास्टार** सडक प्रयोग हुँदै आएको व्यहोरा अवगत नै छ ।

उक्त सडक/मार्गको विभिन्न स्थानमा थप मर्मत संभारको कार्य गर्नुपर्ने भएकाले मिति २०८३/०६/१७ गते शनिबार बिहान १०:०० बजेदेखि दिउसो ०३:०० बजेसम्म उक्त मार्ग हुँदै सञ्चालन हुने सम्पूर्ण सवारी साधनको आवागमनमा पूर्ण रूपमा रोक लगाईएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस कार्यका कारण पर्न जाने असुविधाप्रति क्षमाप्रार्थी छौं । साथै, उक्त अवधिमा वैकल्पिक मार्ग (**धादिङबेशी- सुनौला बजार- भोर्ले-कोसिखोला-फोस्रेटार-कल्लेरीटार**) वा अन्य वैकल्पिक मार्गको प्रयोग गरी यात्रा गर्नुहुन समेत अनुरोध गरिन्छ ।

मितिः- २०८३/०६/१६ गते शुक्रबार बेलुका ०७:०० बजे

लक्ष्मी पाण्डेय (गौतम)
प्रमुख जिल्ला अधिकारी

## एमालेका मनोनित केन्द्रीय सदस्यको शपथ

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसमक्ष सो पार्टीका मनोनित केन्द्रीय सदस्यहरूले आज पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

सो पार्टीको केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले मनोनित केन्द्रीय सदस्यहरूलाई शपथ गराउनुभएको हो । यही असोज ५ देखि ८ गतेसम्म भएको एमाले केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक बैठकले केन्द्रीय कमिटीमा नयाँ सदस्यहरू मनोनित गर्ने निर्णय गरेको थियो । शपथग्रहण गर्ने मनोनित केन्द्रीय सदस्यहरूमा काशीनाथ अधिकारी, देवराज घिमिरे, हरि रिजाल, पासाङ शेर्पा, नरेन्द्र भट्टराई, नन्दराम देवकोटा, धर्म गिरी, नारायण घर्ती, विद्यासुन्दर शाक्य, पाल्देन छोपाङ, विमला घिमिरे, डा शिवमाया तुम्बहाम्फे, जानुका सिंखडा, बिना बास्तोला, शान्तिलाल महत, विनोद पाण्डे, डा प्रेम दङ्गाल, पुष्पराज श्रेष्ठ, मोहम्मद इस्तियाक राई, कौशिला खत्री, सुरेन्द्र उदास, श्रीप्रसाद शर्मा, दीपक साउद, जय गोले तामाङ, धर्मराज निरौला, प्रदीप यादव, डा अब्दुल हुसेन अन्सारी, डिबी कार्की, भवानी खापुङ, बबि चाम्लिङ, विनोद पहाडी, रामप्रित राम र ध्रुव विष्ट रहनुभएको छ ।

## राष्ट्रियसभाले सरकारका गतिविधिमा निरन्तर रचनात्मक सहयोग गर्दै आएको छ

काठमाडौं । नेपाली कांग्रेसको राष्ट्रियसभा संसदीय दलका नेता कमला पन्तले राष्ट्रियसभाले सरकारका गतिविधिमा निरन्तर रचनात्मक सहयोग गर्दै आएको बताउनुभएको छ ।

राष्ट्रियसभाको चालु अधिवेशनको समापन बैठकलाई शुक्रबार सम्बोधन गर्दै उहाँले यो सभाले सरकारलाई नीति तथा कार्यक्रम, बजेट तथा अध्यादेश पारितलगायत कार्यमा निरन्तर रचनात्मक सहयोग गर्दै आएको बताउनुभयो । भोटेकोशी बाढी तथा विपद् व्यवस्थापनको पूर्वतयारी कमजोर भएको भन्दै सांसद पन्तले यसबाट पाठ सिकेर आगामी दिनमा प्रभावकारी रूपमा पूर्वतयारी र विपद्पछिको व्यवस्थापनमा घटिनुपर्ने कुरा आवश्यकता औंल्याउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद झक्कुप्रसाद सुवेदीले भोटेकोशी बाढीबाट भएको क्षतिको विस्तृत अध्ययन गर्न सरकारलाई सुझाव दिनुभयो । उहाँले बाढी प्रभावित क्षेत्रका बालबालिकाको शिक्षालाई निरन्तरता दिन तथा प्रभावितको पुनः स्थापनाका लागि सरकारले गम्भीरतापूर्वक काम गर्नुपर्ने बताउनुभयो । जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले भोटेकोशी बाढीको विपद्का समयमा सरकारले देखाएको पहल र उद्धारकार्य प्रशंसनीय रहेको बताउनुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले सुशासन, भ्रष्टाचार नियन्त्रण र आर्थिक पारदर्शिताका लागि सरकारले गरेको प्रतिबद्धता कार्यान्वयन गर्न आग्रह गर्नुभयो ।

## कालीगण्डकी बाढीको असरः राहुघाटको परीक्षण उत्पादन रोकियो

❑ *प्रत्यूष समाचारदाता*

म्याग्दी । गत साताको झरिपछि कालीगण्डकी नदीमा आएको बाढीले क्षति पुर्याएपछि नेपाल विद्युत् प्राधिकरणले म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माण गरेको राहुघाट जलविद्युत् आयोजना को परीक्षण उत्पादन रोकेको छ ।

प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरले निर्माण गरेको ४० मेगावाट क्षमताको राहुघाटको परीक्षण उत्पादन सुरु गरेको एक साता नपुग्दै असोज ८ देखि ११ गतेको वर्षापछि बाढी आएर क्षति पुगेको हो । आयोजना प्रमुख राजबहादुर विष्टले कालीगण्डकीको बाढीले रघुगङ्गा गाउँपालिका-३ तिल्केनी चौरमा रहेको विद्युत्गृहबाट पानी बगाउने 'टेलरेस डग'को आधा भाग बगाएको र स्वीचयार्डमा रहेको ट्रान्सफर्मर नजिकै सम्म कटान गरेको बताउनुभयो ।

"पहुँचमार्ग पूर्ण रूपमा अवरुद्ध बनेको छ । भिँ र दग्नामको सिमानामा रहेको बाँधमा गेग्रान आएर थुप्रिएको छ", उहाँले भन्नुभयो, "विपद्का कारण परीक्षणका लागि विद्युत् उत्पादन रोकिएको छ । कालीगण्डकीको कटानबाट जोखिममा परेको ट्रान्सफर्मरलाई जोगाउने प्रयास गरिरहेका छौं ।"

कालीगण्डकी नदीमा गेग्रान मिसिदा बाँढीको सतह बढेर ग्राबेलको बेस भएको कालीगण्डकी किनारबाट विद्युत्गृहतर्फ कटान गरेर बग्दा चीन र भारत जोड्ने बेनी-जोमसोम-कोरला सडकको करिब १५० मिटर सडक पनि बगाएको छ । विद्युत्गृहस्थलमा निर्माण गरिएको 'स्वीचयार्ड' पनि नदी कटानको उच्च जोखिममा परेको छ । रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले आयोजना ले परीक्षण उत्पादन थालेको दुई दिनमा बाढीले क्षति पुर्याएपछि उत्पादन बन्द हुन पुगेको बताउनुभयो । पन्ध्र दिनको परीक्षण उत्पादन सम्पन्न गरेपछि व्यावसायिक उत्पादन सुरु गर्ने तयारी गरे पनि बाढीले क्षति पुर्याएपछि अब एक महिनापछि मात्र व्यावसायिक उत्पादन सुरु गर्न सकिने उहाँले उल्लेख गर्नुभयो । राहुघाट जलविद्युत् आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सका सवारीसाधन र उपकरण पनि बाढीले बगाएको छ । त्यसैगरी, कालीगण्डकी नदीमा आएको बाढीले कालीगण्डकी करिडोरको २२० केभी क्षमताको दाना-कुस्मा प्रसारण लाइनका टावर बगाएको छ । कालीगण्डकीमा आएको बाढीले अन्नपूर्ण गाउँपालिका-१, दोबाको भिरकाटपारिका दुई र धिरच्याङको एउटा प्रसारण लाइनको टावर बगाएको नेपाल विद्युत् प्राधिकरण पोखरा ग्रिड महाशाखा का प्रमुख रोशन खड्काले जानकारी दिनुभयो । दाना-खुर्कोट प्रसारण लाइनबाट केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ति गराउँदै आएका अन्नपूर्ण-४, नारच्याङमा पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको मिस्त्रीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि-१, ७१ मेगावाट क्षमताको नीलगिरि-२ र छ । प्राविधिक सहितको टोलीले क्षतिग्रस्त प्रसारण लाइन र टावरको स्थलगत अनुगमन सुरु गरी क्षतिको विवरण सङ्कलन थालेको छ । ग्रिड शाखाका प्रमुख रोशन खड्काले प्रसारण लाइन र टावरमा पुगेको क्षतिको स्थलगत निरीक्षण गरी विद्युत् आपूर्ति गराउने वैकल्पिक उपायको खोजी र प्रसारण लाइन पुनर्निर्माणलाई अघि बढाउन प्राविधिकसहितको टोली क्षतिग्रस्त स्थलमा परिचालन गरिएको जानकारी दिनुभयो ।

## कर्णाली याक्सलाई प्राइम कन्सल्टेन्सीको साथ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल) को फ्रेन्चाइज टोली कर्णाली याक्सको कन्सल्टेन्सी पार्टनरमा प्राइम कन्सल्टेन्सी एण्ड सर्भिसेज प्रालि जोडिएको छ । एनपिएलको तेस्रो संस्करणका लागि कर्णाली याक्स र प्राइम कन्सल्टेन्सी एण्ड सर्भिसेजबीच सम्झौता भएको हो ।

सम्झौतापत्रमा कर्णाली याक्सका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्ल र प्राइम कन्सल्टेन्सीकी निर्देशक प्रिज्मा गौतमले हस्ताक्षर गर्नुभयो । सम्झौतासँगै प्राइम कन्सल्टेन्सी एनपिएलको तेस्रो संस्करणमा कर्णाली याक्सको कन्सल्टेन्सी पार्टनरका रूपमा रहनेछ । प्राइम पहिलोपटक कर्णाली याक्ससँग जोडिएको हो ।

सम्झौतापछि कर्णाली याक्सका क्रिकेट निर्देशक मल्लले नयाँ साझेदारीले कर्णालीको व्यावसायिक यात्रालाई थप मजबुत बनाउने बताउनुभयो । "कर्णालीसँग पहिलोपटक जोडिनुभएकोमा प्राइम कन्सल्टेन्सीलाई धन्यवाद दिन्छौं । यो साझेदारीले कर्णालीलाई मैदानभित्र मात्र होइन् बाहिर थप व्यवस्थित र व्यावसायिक रूपमा अघि बढ्न सहयोग पुग्ने विश्वास लिएका छौं", उहाँले भन्नुभयो ।

प्राइम कन्सल्टेन्सीकी निर्देशक गौतमले कर्णाली याक्ससँगको सहकार्यलाई नेपाली क्रिकेटसँग जोडिने अवसरका रूपमा लिएको बताउनुभयो । "कर्णालीसँग सहकार्य गर्न पाउँदा हामी उत्साहित छौं ।

सो क्रममा नेपाली क्रिकेट र एनपिएलले पछिल्लो समय ठूलो सम्भावना देखाइरहेको छ । यही यात्रामा कर्णालीसँग जोडिन पाउनु हाम्रो लागि महत्त्वपूर्ण अवसर हो । आगामी दिनमा कर्णाली याक्सको यात्रामा आफ्नो क्षेत्रबाट आवश्यक सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं", उहाँले भन्नुभयो ।

एनपिएलको तेस्रो संस्करण आगामी कात्तिक ९ गते (अक्टोबर २६ तारिख) देखि काठमाडौंमा सुरु हुँदैछ । लिगका लागि कर्णाली याक्सले विदेशी खेलाडीको रूपमा इङ्ल्याण्डका मार्क वाट र बङ्गलादेशका अकवर अलीलाई अनुबन्ध गरिसकेको छ ।

सम्पादकीय ....

## जापानीज इन्सेफलाइटिसबाट बचौं

जापानीज इन्सेफ्लाइटिस रोग उत्पन्न हुनु र फैलिनुमा मुख्य रूपमा भाइरस, वाहक र भण्डारकको भूमिका हुन्छ । यो रोग मुख्यतया 'क्युलेक्स' प्रजातिको लामखुट्टेको टोकाइबाट मानिसमा सर्छ । विशेषगरी लामखुट्टे यसको मुख्य वाहक हो । यस्ता लामखुट्टेहरू धानखेत, खाडल, पानी जमेको स्थान र घर वरपरका पानी जमेको खाडल र फोहोर पानीमा बढी हुर्कन्छन् ।

कुनैपनि भाइरसबाट लाग्ने रोगहरूको स्पेसिक उपचार वा औषधि नरहेको हुँदा जापानीज इन्सेफ्लाइटिस रोगको पनि कुनै निश्चित भाइरस मार्ने औषधि छैन । त्यसैले अस्पतालमा बिरामीको लक्षण अनुसारको हेरचाह र सहयोगी उपचार मात्र गरिन्छ । त्यसैले रोकथाम नै उत्तम उपाय हो र रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु नै बेस भन्ने भनाई र सिद्धान्तलाई अङ्गालेर यसबारे सजक र सचेत भएर आफ्नो दैनिकीमा लागियो भने मात्र यस रोगबाट सजिलोसंग जोगिन र बच्न सकिन्छ । यही सिद्धान्त यस रोगमा पूर्णरूपमा लागू हुन्छ भन्नुमा कुनै दुइमत रहदैन् ।

भाइरसका स्रोत/भण्डारकः सुँगुर, बंगुर र धानखेतमा पाइने बकुल्ला जस्ता पानी चराहरू यस भाइरसका मुख्य 'एम्प्लिफाइड होस्ट' (भाइरसको संख्या बढाउने माध्यम) हुन् । जब लामखुट्टेले सङ्क्रमित सुँगुर वा चरालाई टोक्छ, लामखुट्टेको शरीरमा भाइरस प्रवेश गर्छ । पछि सोही लामखुट्टेले मानिसलाई टोक्दा मानिसमा रोग सर्दछ । ध्यान दिनुपर्ने र महत्वपूर्ण कुरा के छ भने यो रोग मानिसबाट मानिसमा सिधै (छोएर, थुकबाट वा सँगै बस्दा) सर्दैन । लामखुट्टेको टोकाईबाट नै मुख्य सर्ने माध्यम यो रोगको मानिन्छ ।

सङ्क्रमित लामखुट्टेले टोकेको ५ देखि १५ दिनभित्रमा यो रोगका लक्षण तथा चिन्हहरू देखिन थाल्छन् । धेरैजसो मानिसहरूमा सङ्क्रमण भएतापनि साधारण लक्षण वा कुनैपनि लक्षण नदेखिन पनि सक्छन् । तर केही केही मानिसमा भने यसले गम्भीर रूप लिन सक्दछ ।

जापानिज इन्सेफ्लाइटिस रोगबाट बच्न सबैभन्दा प्रभावकारी उपाय बालबालिकाका लागि जापानीज इन्सेफ्लाइटिस विरुद्धको खोप अत्यन्तै सुरक्षित र प्रभावकारी छ । नेपाल सरकारले राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई १२ महिनाको उमेरमा यो खोप दिने गर्दछ र वयस्कका लागि जोखिमयुक्त क्षेत्र (तराई तथा भित्री मधेस) मा बस्ने वा भ्रमण गर्ने वयस्कहरूले पनि चिकित्सकको सल्लाह अनुसार र अभियानको क्रममा ३० बर्ष माथिका खोप दिन नहुने अवस्था बाहेकका सबै ब्यक्तिहरूले अनबार्य रूपमा खोप लगाउनुपर्छ । जापानिज इन्सेफ्लाइटिस रोग एक प्राणघातक तर ब्यक्ति आफु सजग र सचेत भएमा सजिलै रोकथाम तथा छेकबार गर्न सकिने रोग हो ।

समयमै बालबालिकालाई खोप लगाउनु, लामखुट्टेको टोकाइबाट बच्नु र घर वरपरको वातावरण सफा राख्नु नै यस रोगबाट जोगिने प्रमुख आधारहरू हुन् । यदि कसैलाई उच्च ज्वरो आउने, कडा टाउको दुख्ने वा घाँटी कडा हुने जस्ता लक्षण देखिएमा ढिला नगरी नजिकैको स्वास्थ्यकर्मीसंग वा स्वास्थ्य संस्था तथा अस्पतालमा लगेर तुरुन्त उपचार गराउनु पर्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८१११२०८५०
Email : pratyushdainik@gmail.com

# प्रतिनिधिसभाको दोस्रो अधिवेशनः ६२ दिनमा ६८ बैठक

प्रकाश सिलवाल

काठमाडौं । प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा ६२ दिनमा ६८ वटा बैठक बसी २७७ घण्टा ३० मिनेट संसदीय काम कारबाहीमा समय व्यतित भएको छ । अधिवेशनले अध्यादेशलाई विस्थापन गर्ने विधेयकसहित १२ विधेयक पारित गरेको छ ।

गत वैशाख २८ गतेदेखि आजसम्म गरी कुल १४५ दिन भए पनि संसदीय कार्य दिन ६२ कायम भएको हो । सभामुख डोलप्रसाद अर्यालले दोस्रो अधिवेशनको अन्त्यको घोषणा गर्नुपूर्व अधिवेशन मा भए/गरेका काम कारवाहीका बारेमा आज जानकारी दिनुभएको हो ।

यसबीचमा वैशाख २८ र जेठ १५ गते सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठक बसेको थियो भने त्यसमा दुई घण्टा ५५ मिनेट समय व्यतित भएको थियो । अधिवेशनको पहिलो बैठकमा सार्वजनिक खरिद, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था, सवैधानिक परिषद्, सम्पत्ति शुद्धीकरण निवारण, केही नेपाल ऐन संशोधन, सहकारी, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा विश्वविद्यालयसम्बन्धी अध्यादेश प्रस्तुत भएका थिए । तीमध्ये चार अध्यादेश असार ५ गतेको बैठकबाट स्वीकृत भएका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेल बाट आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभाले वैशाख २८ गते धन्यवादको प्रस्ताव पारित गरेको थियो । नीति तथा कार्यक्रममाथि छलफल गरी वैशाख ३१ गते सर्वसम्मतिबाट पारित गरिएको थियो ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदनमाथि छलफल भई गत जेठ १७ गते संशोधनसहित बहुमतबाट पारित भएको थियो । आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता माथि गत जेठ ४ र ५ गते छलफल भएको तथा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले जवाफ दिनुभएको थियो । आर्थिक सर्वेक्षण र सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा पनि सदनमा प्रस्तुत गरिएको थियो । राजस्व र व्ययको वार्षिक अनुमानमाथि जेठ २७ र २८ गते छलफल सम्पन्न भएको थियो । त्यसपछि विनियोजन विधेयक, २०८३ माथि असार १ र २ गते दफावार छलफल भई सम्बन्धित मन्त्रीहरूले गत असार ३ र ४ गते जवाफ दिनुभएको थियो । असार ४ गते नै विधेयक बहुमतबाट पारित भएको थियो ।

विधेयक दर्ता

सभामुखका अनुसार दोस्रो अधिवेशनमा प्रतिनिधिसभामा निजामती सेवा विधेयकसहित ३५ वटा सरकारी विधेयक दर्ता भएका छन् । तीमध्ये प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, मतदाता नामावली (पहिलो संशोधन) विधेयक, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक र नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक दुवै सदनबाट पारित भएका छन् ।

यस अधिवेशनमा २० वटा विधेयक प्रतिनिधिसभाका सम्बन्धित समितिमा विचाराधीन रहेका छन् । पहिलो अधिवेशनबाट यस अधि वेशनमा प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ पनि दुवै सदनबाट पारित भयो ।

त्यसैगरी सङ्घीय निजामती सेवा विधेयक दर्ता मात्र भएको अवस्थामा रहेको, डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक सदनमा प्रस्तुत भएको तथा नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक र संवैधानिक निकायका पदाधिकार हरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी पहिलो संशोधन विधेयकका सम्बन्धित समितिका प्रतिवेदन सदनमा प्राप्त भएका छन् । राष्ट्रिय सेवा दल विधेयक प्रतिनिधिसभाबाट मात्र पारित भयो भने राष्ट्रियसभाको पहिलो अधिवेशनबाट प्राप्त राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना तथा सञ्चालन) विधेयक, २०८२ प्रतिनिधिसभाबाट समेत पारित भयो । यसरी दोस्रो अधिवेशनमा सङ्घीय संसद्का दुवै सदनबाट १२ वटा विधेयक पारित भई ११ वटा विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएका छन् ।

अन्तरराष्ट्रिय सम्झौता तथा सन्धि अनुमोदन

यस अवधिमा नेपाल सरकार र गणतन्त्र भारत सरकार बीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायता तथा नेपाल-भारतबीच दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौता सभामा प्रस्तुत भएका छन् । अन्तरराष्ट्रिय श्रम सङ्गठनका श्रम निरीक्षण तथा बाध्यकारी श्रमसम्बन्धी महासन्धि, एसियाली विधायिकी संस्थाहरूको परिषद्को सदस्यता प्राप्त गर्ने प्रस्ताव तथा राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका समुद्री जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता सदनबाट अनुमोदन भएका छन् ।

बाढीपहिरो र जलवायु परिवर्तनका विषयमा सदनमा छलफल अधिवेशनकै क्रममा गत जेठ १७ गते प्रधानमन्त्री बालेन्द्र शाहले आकस्मिक समय माग गरी दलका आधारमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनुभयो । प्रतिपक्षी सांसदहरूले प्रधानमन्त्री सँग हरेक महिनाको पहिलो साता हुने प्रश्नोत्तर नभएको गुनासो गरे पनि बाढीपहिरोको प्रभावका कारण यस उक्त कार्य सञ्चालन हुन सकेन । गत भदौ १० गते भोटेकोशी-त्रिशुली नदीमा आएको बाढीपछि उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारले गरिरहेको काम, विपद्को प्रमुख कारण जलवायु परिवर्तन रहेको विषय, यसको न्यूनीकरण तथा व्यवस्थापन विश्व समुदायको साझा जिम्मेवारी भएको विषय र उद्धारमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीलाई प्रोत्साहन गर्नुपर्ने विषयमा पनि सदनलाई जानकारी गराइयो ।

यसैगरी गत भदौ १७ गतेको बैठकले रसुवा, नुवाकोट, धादिङ, चितवन र गोरखाका त्रिशूली नदी तटीय क्षेत्रमा भोटेकोशी-त्रिशूली बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै विशेष प्रस्ताव पारित भयो । बाढीका कारण बेपत्ता तथा मृत्यु भएका नागरिकका परिवारप्रति समवेदना व्यक्त गर्दै घरबार विहीनको व्यवस्थापन र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरियो । बाढी तथा जलवायु परिवर्तनका विषयमा थप अध्ययनका लागि असोज ५ गतेको बैठकले तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी १५ सदस्यीय 'हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशूली विपद् सम्बन्धी संसदीय विशेष समिति' गठन गरेको थियो । समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका उपनेता गणेश पराजुली चयन हुनुभयो ।

प्रश्नोत्तर कार्यक्रम

अधिवेशनमा प्रतिनिधिसभा नियमावली, २०८३ को सम्बन्धित व्यवस्थाअनुसार विभिन्न सात मन्त्रालयसँग १३ वटा प्रश्नोत्तर कार्यक्रम सम्पन्न भएका छन् ।

परराष्ट्र, युवा तथा श्रम तथा रोजगार, ऊर्जा, जलस्रोत तथा सिंचाइ, कृषि वन तथा वातावरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, उद्योग वाणिज्य तथा आपूर्ति तथा भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रम सञ्चालन गरिएका हुन् ।

अधिवेशनको अन्तिम बैठकमा सदनमा जवाफ दिन बाँकी रहेका मन्त्रालयबाट प्राप्त १६ मौखिक र आठ वटा लिखित प्रश्नका उत्तर समेत टेबुल गरिएका छन् । अधिवेशनका क्रममा नेपाल को संविधानको धारा २०४ बमोजिम महालेखापरीक्षक, महान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय सुरक्षा परिषद्, राष्ट्रिय महिला आयोग, न्याय परिषद्, न्याय सेवा आयोग, लोक सेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय सूचना आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका विभिन्न वार्षिक प्रतिवेदन सदन समक्ष पेस भएका छन् । सो अवधिमा आकस्मिक, शून्य र विशेष समयमा सांसदहरूले उठाएका विषयमा सम्बन्धित मन्त्रीहरूले समेत जवाफ दिनुभएको थियो । सो क्रममा सूचना तथा सञ्चार मन्त्रीले दुई पटक, परराष्ट्रमन्त्रीले चारपटक, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्रीले तीन पटक, गृहमन्त्रीले दुई पटक तथा शिक्षा तथा खेलकुदमन्त्रीले दुई पटक सदनमा जवाफ दिनुभएको थियो । अन्य सम्बन्धित मन्त्रीहरूले पनि सांसदहरूले उठाएका विषयमा जवाफ दिनुभएको थियो ।

आधारभूत सेवा, खाद्य, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनको निरन्तरता, उचित क्षतिपूर्ति, स्थायी पुनःस्थापना तथा लालपुर्जा वितरणसम्बन्धी प्रस्तावमाथि छलफल भई भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रीले जवाफ दिनुभयो । तीन वटा सङ्कल्प प्रस्ताव पनि दर्ता भएका छन् । दोस्रो अधिवेशनका विभिन्न बैठकमा विपक्षी दलका नेता तथा सदनमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता र पदाधिकारीहरूले सम सामयिक विषयमा धारणा राख्नुभयो । उहाँहरूले सरकार र संसदको समन्वय प्रभावकारी हुनुपर्ने, सदनमा उठाइएका विषयलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने,बताउनुभयो ।

## खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- **खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,**
- **म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,**
- **प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,**
- **शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,**
- **मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,**
- **स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,**
- **गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।**

नेपाल सरकार,
विज्ञापन बोर्ड

## विभिन्न स्वास्थ्य संस्थाका विकास समितिमा पदाधिकारी नियुक्त

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिंहदरबार वैद्यखाना विकास समिति तथा विभिन्न अस्पताल विकास समितिमा अध्यक्ष तथा सदस्य नियुक्त गरेको छ ।

मन्त्रालयको निर्णयअनुसार सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्षमा मुनकर्ण थापा नियुक्त हुनुभएको छ । उहाँको नेतृत्वमा वैद्यखानाको संस्थागत व्यवस्थापन, आयुर्वेदिक औषधिको उत्पादन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

त्यस्तै, भेरी अस्पताल विकास समितिको अध्यक्षमा लक्ष्मण सिग्देल र डडेलधुरा अस्पताल विकास समितिको अध्यक्षमा त्रैलोक्यनाथ पाण्डे नियुक्त हुनुभएको छ । भरतपुर अस्पताल विकास समितिको अध्यक्षमा क्षितिज पौडेल तथा सदस्यमा नवराज तिमिल्सिना र अनिता खड्का नियुक्त हुनुभएको छ । यसैगरी, बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल विकास समितिको अध्यक्षमा भीमकान्त लामिछाने तथा सदस्यमा मधु न्यौपाने र सञ्जय पाण्डे नियुक्त हुनुभएको छ ।

नवनियुक्त अध्यक्ष तथा सदस्यहरूले आज मन्त्री मेहतासमक्ष पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको छ ।

नवनियुक्त पदाधिकारीहरूले सम्बन्धित संस्था तथा अस्पतालको व्यवस्थापन, सेवा विस्तार र सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा नागरिकमैत्री बनाउन आवश्यक भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

## विभिन्न स्वास्थ्य संस्थाका विकास समितिमा पदाधिकारी नियुक्त

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिंहदरबार वैद्यखाना विकास समिति तथा विभिन्न अस्पताल विकास समितिमा अध्यक्ष तथा सदस्य नियुक्त गरेको छ ।

मन्त्रालयको निर्णयअनुसार सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्षमा मुनकर्ण थापा नियुक्त हुनुभएको छ । उहाँको नेतृत्वमा वैद्यखानाको संस्थागत व्यवस्थापन, आयुर्वेदिक औषधिको उत्पादन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

त्यस्तै, भेरी अस्पताल विकास समितिको अध्यक्षमा लक्ष्मण सिग्देल र डडेलधुरा अस्पताल विकास समितिको अध्यक्षमा त्रैलोक्यनाथ पाण्डे नियुक्त हुनुभएको छ । भरतपुर अस्पताल विकास समितिको अध्यक्षमा क्षितिज पौडेल तथा सदस्यमा नवराज तिमिल्सिना र अनिता खड्का नियुक्त हुनुभएको छ । यसैगरी, बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल विकास समितिको अध्यक्षमा भीमकान्त लामिछाने तथा सदस्यमा मधु न्यौपाने र सञ्जय पाण्डे नियुक्त हुनुभएको छ । नवनियुक्त अध्यक्ष तथा सदस्यहरूले आज मन्त्री मेहतासमक्ष पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको छ ।

नवनियुक्त पदाधिकारी हरूले सम्बन्धित संस्था तथा अस्पतालको व्यवस्थापन, सेवा विस्तार र सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा नागरिक मैत्री बनाउन आवश्यक भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

## राष्ट्रिय ह्याकाथन एमबीएमसी आइडियाएक्स २०२६ सुरु

काठमाडौँ । मदन भण्डारी मेमोरियल कलेज (एमबीएमसी) नयाँ बानेश्वरमा राष्ट्रिय ह्याकाथन 'एमबीएमसी आइडियाएक्स २०२६' आजदेखि सुरु भएको छ ।

'इनोभेसन फर इम्प्याक्ट' नाराका साथ आयोजना गरिएको ह्याकाथनको चौथो संस्करणमा देशभरका २८ शैक्षिक संस्थाका ६७ प्रतियोगी सहभागी छन् । प्रतियो-गिता का लागि देशभरबाट १६० टोलीले आवेदन दिएका थिए । अनलाइन मूल्याङ्कनपछि २० टोली अन्तिम चरणका लागि छनोट भएका हुन् ।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा सहभागी टोलीले नेपालका विभिन्न सामाजिक तथा सार्वजनिक समस्याको सूचना प्रविधिमा आधारित समाधान विकास गर्ने आयोजकले जनाएको छ । यस वर्षको ह्याकाथन जलवायु परिवर्तन, उत्थानशीलता तथा दिगोपना, पर्यटन, ई-गभर्नेन्स तथा स्मार्ट सार्वजनिक सेवा, स्मार्ट सहरी यातायात तथा सडक सुरक्षा र फिनटेक तथा डिजिटल वित्तीय नवप्रवर्तन गरी पाँच विषयगत क्षेत्रमा केन्द्रित छ ।

ह्याकाथनको उद्घाटन गर्दै कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं पूर्वमन्त्री महेन्द्रबहादुर पाण्डेले अध्ययनसँगै समाजका समस्याको समाधान खोज्ने उद्देश्यले सूचना प्रविधिका विद्यार्थीबीच यस्तो प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । "सहभागी विद्यार्थी टोलीले नेपालकेन्द्रित समस्याको सूचना प्रविधिमा आधारित समाधानको खोजी गर्नेछन्", उहाँले भन्नुभयो । क्याम्पस प्रमुख डा बाबुराम अधिकारीले कक्षाकोठामा सिकेको ज्ञानलाई समाजका वास्तविक समस्यासँग जोड्ने उद्देश्यले ह्याकाथन आयोजना गरिएको बताउनुभयो । कार्यक्रमका रूपमा सुरु भएर अहिले राष्ट्रियस्तरको ह्याकाथनका रूपमा विस्तार भएको हो । कार्यक्रम संयोजक तथा बीसीए संयोजक नवराज जोशीले ४८ घण्टाको अवधिमा सहभागी टोलीले समस्या पहिचान, समाधानको नमुना तयार र निर्णायकसमक्ष प्रस्तुति गर्ने बताउनुभयो ।

## राष्ट्रियसभाको २१औं अधिवेशनमा ५२ बैठक, ९८ घण्टा १० मिनेट काम

काठमाडौं । राष्ट्रियसभाको २१औं अधिवेशनमा ५२ वटा बैठक बसेर ९८ घण्टा १० मिनेट सभा सञ्चालन भएको छ । अधिवेशनको अन्त्य गर्दै राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रस्तुत गर्नुभएको विवरणअनुसार अधिवेशन २०८३ वैशाख २८ गतेदेखि असोज १६ गतेसम्म १४५ दिन सञ्चालन भएको थियो ।

अधिवेशन अवधिमा ४० वटा बैठकमा शून्य समय सञ्चालन भएको जानकारी दिँदै अध्यक्ष दाहालले भन्नुभयो, "उक्त समयमा ४५ जना सदस्यले पाँच घण्टा ५६ मिनेट र १७ वटा बैठकमा विशेष समय सञ्चालन हुँदा ४७ सदस्यले २१ घण्टा १० मिनेट समय उपयोग गर्नुभएको थियो ।"

उहाँले भन्नुभयो, "चारवटा बैठकमा प्रादेशिक सरोकार समय सञ्चालन भएकामा २७ जना सदस्यले पाँच घण्टा २७ मिनेट तथा नौवटा बैठकमा सञ्चालन भएको आकस्मिक समयमा २२ सदस्यले एक घण्टा ५६ मिनेट समय उपयोग गर्नुभएको थियो ।"

अध्यक्ष दाहालका अनुसार अधिवेशनमा सरकारले पेस गरेका आठ अध्यादेशमध्ये सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, सहकारी (पहिलो संशोधन) अध्यादेश र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश सभाबाट स्वीकृत भएका थिए । अधिवेशनका क्रममा राष्ट्रियसभामा उत्पत्ति भएका 'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१', 'सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३' र 'आन्तरिक वायुसेवाको दायित्वसम्बन्धी विधेयक, २०८३' पारित गरी सन्देशसहित प्रतिनिधिसभामा पठाइएको उहाँले जानकारी दिनुभयो । प्रतिनिधिसभाबाट संशोधनसहित फिर्ता आएको 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' लाई पनि राष्ट्रियसभाले सहमति प्रदान गरेको पनि अध्यक्ष दाहालले जानकारी दिनुभयो ।

"अधिवेशनमा अध्यादेश प्रतिस्थापन गर्ने छवटा विधेयक पारित गरी प्रतिनिधिसभामा फिर्ता पठाइएको र ती प्रमाणीकरणसमेत भइसकेका छन् । विनियोजन विधेयक, २०८३, आर्थिक विधेयक, २०८३ र राष्ट्र ऋण उठाउने विधेयक, २०८३ दुवै सदनबाट पारित भई प्रमाणीकरण भएका छन", उहाँले भन्नुभयो, "त्यस्तै प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२ राष्ट्रियसभामा टेबुल गरिएको थियो । उक्त विधेयकसमेत यसै अधिवेशनमा प्रमाणीकरण भएको छ ।"

### विशेष प्रस्ताव

अधिवेशन का क्रममा राष्ट्रिय सभाले भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो । यसैगरी गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै प्रभावितको उद्धार, राहत, पुनःस्थापना, सम्पर्कविहीनको खोजी, घाइतेको निःशुल्क उपचार, शव व्यवस्थापन तथा भौतिक संरचनाको पुनर्निर्माणमा सरकारको विशेष ध्यानाकर्षण गराइएको थियो । दाहालका अनुसार भविष्य मा विपद् जोखिम न्यूनीकरण का लागि प्रभावकारी उपाय अवलम्बन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार र अन्तरराष्ट्रिय समुदाय सँग सहकार्य गर्नसमेत सरकारलाई आग्रह गरिएको थियो । त्यसैगरी, मनसुनजन्य विपद् व्यवस्थापनमा सरकारको पूर्वतयारीसम्बन्धी ध्यानाकर्षण प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत गरी गृह मन्त्रालयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिइएको उहाँले बताउनु भयो ।

अध्यक्ष दाहालका अनुसार अधिवेशन अवधिमा भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमनका लागि संसदीय विशेष समिति गठन गरिएको थियो ।

### अधिवेशनमा ३५ वटा मौखिक प्रश्नोत्तर

अधिवेशनमा १५ मन्त्रालय सँग सम्बन्धित ३५ वटा मौखिक प्रश्नोत्तर सञ्चालन भएको थियो । परराष्ट्र, कानुन, न्याय तथा संसदीय मामिला र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित तीनवटा लिखित प्रश्नको उत्तर सम्बन्धित मन्त्रीले राष्ट्रिय सभामा टेबुल गर्नुभएको थियो ।

त्यस्तै, अर्थ, गृह र पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित राष्ट्रियसभामा प्रस्तुत हुन नसकेका सातवटा मौखिक र एउटा लिखित प्रश्नको उत्तरसमेत टेबुल भएको थियो । यस अवधिमा सङ्कल्प प्रस्तावका रूपमा प्रविधिको प्रयोगबाट हुने लैङ्गिक हिंसा रोकथाम, नियन्त्रण तथा महिलाको हक संरक्षण र न्यायमा पहुँच सुनिश्चित गर्नेसम्बन्धी प्रस्ताव तथा सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानुन निर्माणसम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भएको अध्यक्ष दाहालले जानकारी दिनुभयो ।

अध्यक्ष दाहालले चालु आर्थिक वर्षमा सरकारले सङ्घीय संसद्मा १६६ वटा विधेयक पेस गर्ने प्राथमिकता तय गरी संसद् सचिवालयमा पठाएको जानकारी दिनुभयो । पहिलो चौमासिकमा ६४ वटा विधेयक पेस गर्ने प्राथमिकता रहेकामा चालु आर्थिक वर्षमा सङ्घीय संसद्मा २४ वटा विधेयक दर्ता भएको र त्यसमध्ये प्रतिनिधिसभामा २२ तथा राष्ट्रियसभामा दुईवटा मात्रै विधेयक दर्ता भएको उहाँले बताउनुभयो ।

राष्ट्रियसभाले सरकारले ल्याएका विधेयकलाई प्राथमिकताका साथ छलफल गरी यथाशीघ्र पारित गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले राष्ट्रियसभामा विधेयक कम पेस भएकाले कामकाज प्रभावित भएको जानकारी दिनुभयो । त्यसैगरी, अध्यक्ष दाहालले अधिवेशन सफलतापूर्वक सञ्चालनमा सहयोग गर्ने उपाध्यक्ष, समिति सभापति, सांसद, सङ्घीय संसद्का महासचिव, राष्ट्रियसभाका सचिव, सचिवालयका कर्मचारी, नेपाल सरकार, सञ्चारमाध्यम, नागरिक समाज तथा आम नागरिकप्रति धन्यवाद व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा राष्ट्रियसभाको गरिमा र प्रभाव कारिता अभिवृद्धिका लागि सबै पक्षबाट थप महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नुभयो । अध्यक्ष दाहालले नजिकिँदै गरेका बडादसैं, तिहार, छठ, नेपाल संवत्, इदलगायत पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गर्दै आगामी २२औं अधिवेशनमा सुखद् भेटको अपेक्षा व्यक्त गर्नुभयो ।

## गुल्मीमा मात्रै खसीबोका बिक्री कारोबार वार्षिक एक अर्ब

गुल्मी । खसीबोकापालन व्यवसाय आम्दानीको राम्रो स्रोत भएपछि यसलाई गुल्मीका कतिपय किसानले आफ्नो जीविकोपार्जनको मुख्य आधारका रूपमा अघि बढाएको पाइएको छ ।

कृषि कर्मका अन्य विधाको तुलनामा खसीबोकाबाट छोटो समयमै राम्रो आम्दानी लिन सकिने भएपछि यसतर्फ किसानको आकर्षण बढेको हो । खसीबोका विक्रिबाट जिल्लामा वार्षिक करिब रु एक अर्ब बराबरसम्मको कारोबार हुने गरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीका प्रमुख हुमाकान्त पाण्डेयले जानकारी दिनुभयो । गुल्मीमा उत्पादित खसीबोका स्थानीय बजारमा मात्र नभई बाहिरी जिल्लामा समेत निर्यात हुँदै आएको उहाँको भनाइ छ । जिल्लाका प्रत्येक पालिकाबाट वार्षिक करिब ४६ हजार खसीबोका उत्पादन हुने गरेको तथा हाल करिब दुई लाखको सङ्ख्यामा बाख्रा रहेको पशु सेवा केन्द्र गुल्मीले जनाएको छ ।

प्रमुख पाण्डेयका अनुसार जिल्लाबाट वार्षिक १४ हजार ६०० खसीबोका बाहिरी जिल्लामा निर्यात हुने गरेका छन् ।

उहाँका अनुसार जिल्ला बाहिर निर्यात हुने खसीबोका बाट वार्षिक करिब रु २६ करोड २८ लाख जिल्ला भित्रिने गरेको छ । जिल्लामा उत्पादित खसी बोका उचित मूल्यमा सहज रूपमा घरबाटै बिक्री हुने भएकाले पनि किसानलाई यो व्यवसायप्रतिको आकर्षण बढेको हो ।

जिल्लाका सबै पालिकामा पालिने भए पनि खासगरी धुर्कोट पालिका मासुमा आत्मनिर्भर छ । यहाँ उत्पादित खसी बोका जिउँदो प्रतिकिलो ५५० का दरले बिक्री वितरण हुँदै आएको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखरेल बताउनुभयो ।

स्थानीय चन्द्रबहादुर खड्काको खोरबाट यस वर्ष पनि ७० किलो तौलसम्मका खसीबोका बिक्री भएका छन् । धुर्कोट क्षेत्रमा उत्पादित खसीबोका बुटवल लगायतका सहरमा पठाइने गरेको अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । गुल्मीको स्थानीय बजारमा खसी र बोकाको मासु प्रतिकिलो रु ९५० का दरले बिक्री हुँदै आएको छ । त्यस्तै जिल्लाका विभिन्न पालिकामा व्यावसायिक रूपमा बाख्रापालन हुँदै आएको छ । यहाँ उत्पादित केही उन्नत जातका बोका प्रजननका लागि समेत अन्य जिल्लामा पठाइने गरेको छ । जिल्लामा खासगरी जमुनापारी खरीक्रस, बोयर खरीक्रस र सिरोही खरीक्रस जातका बाख्रापालन हुँदै आएको केन्द्रले जनाएको छ ।

वार्षिक करिब ६०० को सङ्ख्यामा प्रजननका लागि बोका जिल्ला बाहिर बिक्री हुने गरेको छ । त्यस्तै वार्षिक १४ हजार खसीबोका मासुका लागि जिल्ला बाहिर बिक्रीका लागि पठाइने गरिएको छ ।

पछिल्लो आर्थिक वर्षमा स्थानीय तह तथा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका ४२१ वटा बाख्रा फार्ममा करिब दुई लाख बाख्रा रहेको विज्ञ केन्द्रले जनाएको छ ।

पशु सेवा विज्ञ केन्द्रले बाख्रापालन गर्ने किसान तथा समूहलाई खोर निर्माण, उन्नत जातका बीउ बोका, औषधि उपचार, खोप, मेसिनरी सामग्री खरिदलगायत प्राविधिक क्षेत्रमा सहयोग गर्दै आएको प्रमुख पाण्डेयले बताउनुभयो । कार्यालयले किसानका फार्ममै पुगेर बाख्रामा लाग्ने विभिन्न रोगविरुद्ध निःशुल्क



खोप कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । त्यसबाट बाख्रामा लाग्ने महामारीजन्य रोग नियन्त्रण तथा क्षति न्यूनीकरणमा सहयोग पुगेको कार्यालयले जनाएको छ ।

पछिल्लो आर्थिक वर्षमा स्थानीय तह तथा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका ४२१ वटा बाख्रा फार्ममा करिब दुई लाख बाख्रा रहेको विज्ञ केन्द्रले जनाएको छ ।

सीबोका पालनबाट राम्रो आम्दानी हुँदै आए पनि युवको विदेश पलायन र बसाइँसराइलगायत कारणले पछिल्लो समय व्यावसायिक किसानको सङ्ख्या भने तुलनात्मक रूपमा घट्दै गएको अनुमान गरिएको छ । खसीबाख्राका लागि आवश्यक खुराक घाँस तथा व्यवस्थापन गर्ने जनशक्तिको अभावजस्ता समस्या बाख्रापालन व्यवसायमा रहेको रेसुङ्गा कृषि तथा पशुपन्छी फार्मका सञ्चालक केशर रजालीले बताउनुहुन्छ ।

# जनकपुरधाममा तेस्रो राष्ट्रिय शिखर सम्मेलन हुने

जनकपुर । जनकपुरधाममा 'तेस्रो राष्ट्रिय शिखर सम्मेलन २०८३' मङ्सिर ४ गतेदेखि ६ गतेसम्म सञ्चालन हुने भएको छ ।

प्रधानाध्यापक सङ्घ नेपाल (पान) का अध्यक्ष सुदाम गौतमले शुक्रबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी आगामी मङ्सिर ४ गतेदेखि सम्मेलन आयोजना गरिने जानकारी दिनुभयो। उहाँले नेपालको विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, प्राज्ञिक नेतृत्व सुदृढीकरण तथा तीनै तहका सरकार र सणरोकार भएका निकायबीच नीतिगत सहकार्य निर्माण गर्ने उद्देश्यका साथ पानले सम्मेलन आयोजन गर्ने जानकारी दिनुभयो ।

अध्यक्ष गौतमले नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको वर्तमान परिप्रेक्ष्यमा विद्यालय नेतृत्व (प्रधानाध्यापक) र स्थानीय सरकार बीचको समन्वयले मात्र व्यावहारिक शैक्षिक रूपान्तरण सम्भव रहेको धारणा राख्नुभयो । "विद्यालय एक्लैले गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न सक्दैन ।

यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि र नीति निर्माताको साझा सहकार्य अपरिहार्य छ", उहाँले भन्नुभयो ।

यही यथार्थलाई आत्मसात गर्दै देशभरका शैक्षिक अगुवाहरूलाई साझा मञ्च प्रदान गर्न यो शिखर सम्मेलन केन्द्रित रहने अध्यक्ष गौतमले जानकारी दिनुभयो ।

# वेत्रावतीमा बेलिब्रिज जडान सुरु

काठमाडौँ। रसुवामा बाढीका कारण क्षतिग्रस्त गल्छी-वेत्रावती सडक खण्डमा अस्थायी ट्र्याक खुलेसँगै वेत्रावतीमा बेलिब्रिज जडानको काम सुरु भएको छ ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालका अनुसार अस्थायी ट्र्याक खोल्ने कार्यसँगै बेलिब्रिज निर्माणका लागि आवश्यक फाउन्डेसन सहित अन्य प्रक्रिया अघि बढाइएको थियो। हाल बेलिब्रिजका दुवैतर्फका फाउन्डेसन निर्माण सम्पन्न भइसकेका छन् । अस्थायी ट्र्याक सञ्चालनमा आएपछि बेलिब्रिज निर्माणका सामग्री निर्माणस्थलसम्म पुर्याउने कामलाई तीव्रता दिइएको मन्त्री लम्सालले जानकारी दिनुभयो। निर्माणस्थलमा आवश्यक सामग्री पुर्याउने काम भइरहेको र त्यससँगै बेलिब्रिज जडानको प्रक्रिया अघि बढाइएको हो । उहाँका अनुसार बेलिब्रिज जडान सम्पन्न भएपछि बाढीका कारण अवरुद्ध बनेको रसुवासँगको मुख्य सडक सञ्जाल पुनः औपचारिक रूपमा जोडिनेछ। यससँगै रसुवातर्फको यातायात आवागमन सहज हुनुका साथै बाढीका कारण प्रभावित सडक सम्पर्क पुनःस्थापना हुने अपेक्षा गरिएको छ ।

बाढीले क्षति पुर्याएको सडकखण्डमा तत्काल यातायात सञ्चालनका लागि अस्थायी ट्र्याक निर्माण र दीर्घकालीन रूपमा सडक पूर्वाधार पुनःस्थापनाका कामलाई सँगसँगै अघि बढाइएको छ ।

# करदाता प्रोत्साहन उपहार कार्यक्रम घोषणा

काठमाडौँ । करदाता प्रोत्साहन उपहार कार्यक्रमअन्तर्गत यही असोज १ देखि १५ गतेसम्मको उपहार शुक्रबार घोषणा भएको छ। अर्थ मन्त्रालयमा शुक्रबार (हिजो) आयोजित कार्यक्रममा प्रतिनिधिसभा अन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका सभापति सुम्निमा उदास, प्रतिनिधिसभा सदस्यद्वय गणेश कार्की र सन्तोष राजवंशीले संयुक्त रूपमा असोज महिनाको पहिलो १५ दिनको करदाता प्रोत्साहन उपहार घोषणा गर्नुभयो । नयाँ घोषणाअनुसार पर्साका लालबाबु साह कानुलाई रु १० लाख राशिको १५ दिनको बम्पर उपहार परेको छ। कानुले रु २१ हजार बराबरको ल्युब आयल (इञ्जिन आयल) खरिद गर्दा तिरेको रकमको कारोबार बम्पर उपहारमा छनोट भएको हो। उहाँलाई तत्कालै फोन सम्पर्क गरेर आन्तरिक राजस्व विभागका महानिर्देशक डा भीष्म कुमार भुषालले बधाई दिँदै पुरस्कार प्राप्त गर्न नजिकैको कर कार्यालयमा सम्पर्क गर्न आग्रह गर्नुभयो। राजस्व विभाग का अनुसार यही असोज १ देखि १५ गतेसम्म अनलाइन र नगद खरिदमा सहभागी भएर बिल लिएका उपभोक्ताका तीन करोड १८ लाख १८ हजार २८६ वटा कारोबार उपहार कार्यक्रमका लागि योग्य थिए। जसमा नगदमा कारोबार गरेर बिल लिएका उपभोक्ताको कारोबार सङ्ख्या दुई लाख ४७ हजार ९७९ थियो भने अनलाइन तथा कार्डबाट भुक्तानी गरेर वस्तु खरिद गरेका उपभोक्ताको कारोबार सङ्ख्या तीन करोड १५ लाख ७० हजार ३०७ थियो ।

# नयाँबसपार्कमा यात्रु सहायता कक्ष स्थापना

काठमाडौँ । काठमाडौँको गोँगबु स्थित नयाँ बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवस्था विभाग, काठमाडौँ महानगरपालिका, यातायात व्यवसायी तथा मजदुरको संयुक्त आयोजनामा शुक्रबार नयाँ बसपार्कमा यात्रु सहायता कक्ष स्थापना गरिएको हो ।

नयाँ स्थापना गरिएको यात्रु सहायता कक्षको शुक्रबार काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले उद्घाटन गर्नुभयो। कार्यक्रममा उहाँले चाडपर्वमा अन्य समयको तुलनामा यात्रु धेरै बढ्ने भएकाले उहाँहरूलाई सुरक्षित गन्तव्यमा पुर्याउनु हामी सबैको दायित्व भएको बताउनुभयो ।

प्रहरी अतिरिक्त महा निरीक्षक राठौरले क्षणिक स्वाथका लागि यात्रुलाई ठग्ने, लुट्ने, झुक्याउने गरेमा कारबाही हुने जनाउँदै यात्रुलाई पनि सावधानी अपनाउन आग्रह गर्नुभयो । उहाँले सवारी सञ्चालनको बेलामा मापसे र लापसे नगर्न आग्रह गर्नुभयो । टिकटको नाममा हुने कालोबजारी अन्त्य गर्न प्रहरी चनाखो हुने स्पस्ट पार्दै उहाँले यात्रुलाई टिकट लिएर यात्रा गर्न आग्रह गर्नुभयो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुन्यप्रसाद सिटौलाले विगतको वर्षभन्दा यस वर्ष चाडपर्वमा यातायात सञ्चालन मा केही समस्या रहेका बताउनुभयो । देशभर परेको अविरल वर्षाले अधिकांश राष्ट्रिय राजमार्ग अवरुद्ध हुँदा सवारी सञ्चालनमा समस्या परेको उहाँले बताउनुभयो। अध्यक्ष सिटौलाले समस्याको घडीमा पनि सुरक्षित तबरले सवारी सञ्चालन गरेकामा देशभरका चालकलाई धन्यवाद दिनुभयो ।

सो क्रममा उहाँले बिग्रेका सडक चाँडो मर्मत सम्भार गर्न सरकारलाई आग्रह गर्नुभयो। अध्यक्ष सिटौलाले चाडपर्वमा कालो नम्बर प्लेटका सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने कुरा समेत बताउनुभयो । तोकिएकोभन्दा बढी भाडा नलिन उहाँले सबैलाई आग्रह गर्नुभयो । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख सुरेशप्रसाद काफ्लेले चाडपर्वको समयमा हुने दुर्घटना न्यूनीकरण गर्न सबै लाग्नुपर्ने बताउनुभयो । उहाँले चाडपर्वलाई लक्षित गरी ट्राफिक प्रहरीले उपत्यकाका १५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको जानकारी दिनुभयो ।

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका उपाध्यक्ष नवराज घिमिरेले चाडपर्वको मुखमा हुने दुर्घटना रोक्न यातायात क्षेत्रका चालकको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । कार्यक्रममा प्रहरी, यातायात व्यवसायी, लोत्से बहुउद्देश्यीय प्रालिका प्रतिनिधि, चालक, सहचालक, महानगर प्रहरीको उपस्थिति थियो ।

# कानुन सुधारमार्फत विकास र लगानीको वातावरण निर्माण गर्छौं : मन्त्री लम्साल

काठमाडौँ । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले विद्यमान कानुन सुधारमार्फत विकास र लगानीको वातावरण बनाउन सरकार लागि परेको बताउनुभएको छ ।

मन्त्रालयले शुक्रबार यहाँ आयोजना गरेको 'नेपाल पूर्वाधार सम्मेलन २०२६ सम्बन्धी लगानी र विकासका लागि कानुनी सुधार' विषयक कार्यशाला गोष्ठीमा उहाँले लगानी र विकासमा देखिएका समस्या कानुनी रूपमा समाधान गरिने बताउनुभयो ।

उहाँले कानुनअनुसार नै राज्यको प्रणाली चल्नुका साथै परिणामसमेत देखिने भन्दै सरकार नागरिकमैत्री कानुन निर्माणमा केन्द्रित रहेको बताउनुभयो । ऐन देशको ऐना भएकाले जस्तो ऐन निर्माण गर्न सकियो त्यस्तै राष्ट्र बन्ने मन्त्री लम्सालको भनाइ छ । मुलुकको पूर्वाधार थप गतिशील र प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक सुधारमा यस गोष्ठीले महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको विश्वास छ ।

मन्त्री लम्सालले भन्नुभयो, "अहिले हाम्रो ऐन जस्ता छन्, हाम्रो समाज पनि त्यस्तै छ । अहिलेको शहरी ऐन हेर्यो भने सहर पनि त्यस्तै देखिन्छ । अहिले शिक्षा ऐन जस्तो छ, विद्यालय पनि सोहीअनुसार छन्। जस्तो ऐन बनायो परिणाम पनि त सोहीअनुसार आउँदो रहेछ ।"

मन्त्री लम्सालले अहिले परिमार्जन गर्न खोजेको कानुनहरू सोहीअनुसार सुधार गर्न खोजेको बताउँदै तयार गरेको मस्यौदाको अक्षरशः अध्ययन गरेर कानुनलाई त्योभन्दा उत्कृष्ट कसरी बनाउने भन्नेबारेमा सोच्नुपर्ने उल्लेख गर्नुभयो ।

मन्त्री लम्सालले भन्नुभयो, "खरिद ऐन पास गरिरहेका थियौँ, त्यो बेला निर्माण व्यवसायी सङ्घले सुझाव ल्यायो । तर हामीले त्यो सुझाव आत्मसाथ गरेनौँ, किनभने उहाँहरूको सुझावले 'पोलिसी डिपार्चर' नै हुन दिँदैनथ्यो । उहाँहरूलाई हामीले धेरै कुरा दिन खोजेका थियौँ । उहाँहरूले लिनै नखोजेको जस्तो पनि देखियो । सरकारले खास 'पब्लिक सेन्ट्रिक पोलिसी डिर्पाचर' खोजेको हो ।"

# श्री शङ्खादेवी माध्यमिक विद्यालय

बेनीघाट रोराङ-९, मझिमटार, धादिङ

## खाद्यान्न आपूर्ति सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

चौथो पटक प्रकाशित मिति : २०८३/०६/१७

बागमती प्रदेश सरकारबाट यस विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न स्विकृति प्राप्त भएकोले हाल १०० जना विद्यार्थी २०८३ असार मसान्तसम्म आवासीय रुपमा राख्ने प्रयोजनका लागि आवश्यक पर्ने खाद्यान्न बागमती प्रदेश सरकारबाट संझौता भए बमोजिम विहान खाजा, विहान खाना,दिउँसो खाजा, बेलुकी खाना खुवाउन आवश्यक पर्ने निम्नानुसार खाद्यान्न तथा तरकारीको जिल्ला दररेट नबढ्ने गरी के कति दररेटमा दिन सक्ने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

| सि.न. | बोलपत्रको नाम | धरौटी | बोलपत्र दस्तुर |
|---|---|---|---|
| SDSS/Goods/01/083-084 | खाद्यान्न आपूर्ति | ७६,०००।- | १०००।- |

बोलपत्र सम्बन्धी विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

- बोलपत्र फाराम खरिद गर्नुपर्ने अन्तिम मिति र स्थान : २०८३/०६/२२ गते दिनको १२:०० बजे श्री शङ्खादेवी मा.वि. मझिमटार ।
- बोलपत्र फाराम र धरौटीका लागि :
  **बैङ्कको नाम :** प्रभु बैङ्क शाखा, बेनिघाट
  **खाता नं.:** ०८३०११०१८४६०००११ मा जम्मा गरी भौचर बोलपत्र फाराम साथ पेश गर्ने ।
- दर्ता अन्तिम मिति : २०८३/०६/२२ गते दिनको १:०० बजे ।
- बोलपत्र खोल्ने मिति: २०८३/०६/२२ गते दिनको २:०० बजे ।
- बोलपत्रको अवधि : ठेक्का संझौताको मितिदेखि २०८४ असार मसान्त सम्म ।

| सि.नं | विवरण | किसिम,गुणस्तर | अनुमानित चाहिने परिणाम | एकाइ | दर रेट (रु) | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | चामल | जिरा मसिनो ए ग्रेड | ८५०० | के.जी. | ९५ | ८०७५०० |
| २. | दाल | रातो | ४५० | के.जी. | १६० | ७२००० |
| ३. | दाल | मासको | १०० | के.जी. | १९२ | १९२०० |
| ४. | नुन | | २०० | के.जी. | २७ | ५४०० |
| ५. | ह. तरकारी | फरक फरक किसिमको हुनुपर्ने (काउली,बन्दा,भेन्टे खुर्सानी,बोडी,घिउसिमी,ब्रोकाउली, साग,फर्सी, भेन्टा, करेला, भेन्डी,लौका, टाटे सिमी, मुला,गाजर,गोलभेडा आदि) | ६५०० | के.जी. | ८५ | ५५२५०० |
| ६. | आलु | रातो | ६५०० | के.जी. | ५१ | ३३१५०० |
| ७. | प्याज | | १००० | के.जी. | ७५ | ७५००० |
| ८. | कु. मासु | | ५०० | के.जी. | ४२० | २१०००० |
| ९. | अण्डा | | २००० | वटा | २० | ४०००० |
| १०. | तेल (तोरी) | | ८०० | लिटर. | ३६० | २८८००० |
| ११. | चिनी | | ३०० | के.जी. | ११५ | ३४५०० |
| १२. | चियापति | | २० | के.जी. | ४९८ | ९९६० |
| १३. | विस्कुट ५० ग्राम | | २००० | वटा | २२ | ४४००० |
| १४. | ग्याँस | | २४० | वटा | २०६० | ४९४४०० |
| १५. | चना | | ३०० | के.जी. | १६० | ४८००० |
| १६. | पाउरोटी । दुनोट | | १८००० | वटा | १४ | २५२००० |
| १७. | सोयबिन तरकारी | | २०० | के.जी. | २३० | ४६००० |
| १८. | केराउ | | ३०० | के.जी. | १६४ | ४९२०० |
| १९. | बोडी | | ३०० | के.जी. | १६४ | ४९२०० |
| २०. | मसला-जिरा, धनिया | | ६० | के.जी. | ३४७ | २०८२० |
| २१. | लसुन | | २०० | के.जी. | ३०० | ६०००० |
| २२. | चिउरा | | ६०० | के.जी. | ९५ | ५७००० |
| २३. | भुजा | | ६०० | के.जी. | १५० | ९०००० |
| २४. | सुजी | | ५०० | के.जी. | १४० | ७०००० |
| २५. | कागती | | २५ | के.जी. | २२० | ५५०० |
| २६. | दही | | ४०० | लिटर. | १५० | ६०००० |
| २७. | साबुन **life boy** | | १०० | वटा | ४५ | ४५०० |
| २८. | रिचसाबुन २० खाले | | ३०० | वटा | १८ | ५४०० |
| २९. | पास्ता | | ४०० | के.जी. | १३५ | ५४००० |
| ३०. | लुगा धुने साबुन | | २०० | वटा | ४० | ८००० |
| ३१ | बेसार | | २० | के.जी. | ५२५ | १०५०० |
| | | | | | | ३८७४०८० |

नोटः माथि उल्लेखित मूल्य, भ्याट लाग्ने वस्तुको हकमा भ्याट सहितको मूल्य भएको जानकारी गराइन्छ ।

सम्पर्क नं.:९८४९१५६४९१, ९८४९२७१४८६

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com